हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८२ साल वैशाख १९ गते शुक्रवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि वहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

*मिति २०८२।०१।१९*

**मिति २०८२/०१/१९ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१.. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. मधेश प्रदेश सरकारसँग समपुरक अनुदान, विशेष अनुदान र सशर्त अनुदान कार्यक्रमको योजना छनौट सम्वन्धमा ।
३. आर्थिक सहयोग सम्वन्धमा ।
४ वडा नं १ नखाटोलको पुल नजिक ढुंगा जाली मर्मत सम्भार सम्वन्धमा ।
५ विद्यालयमा डेक्स बेन्च सम्वन्धमा ।
६ विभिन्न वडाहरुको सडक मर्मत सम्वन्धमा ।
७. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामा देहाय अनुसारको समपुरक अनुदान योजना तथा बिशेष अनुदान र सशर्त कार्यक्रम सम्वन्धीको योजना प्रदेशसँग देहाय अनुसार माग गर्ने निर्णय गरियो ।

क. आगामी आ.व. २०८२/०८३ को लागी समपुरक अनुदान सम्वन्धी कार्यविधि २०८१ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश सरकारसँग माग गर्ने समपुरक अनुदान योजना

| क.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | चौधरी टोलमा सडक ढलान | वडा नं ५ लक्ष्मीपुर | ५० लाख |
| २ | सन्तुको घर देखि मुर्तिया जाने बाटो ढलान | वडा नं १ | ५० लाख |
| ३ | हकिमको घर देखि कब्रस्थान सम्म सडक ढलान | वडा नं ३ | ५० लाख |
| ४ | नथुनी साहको घर देखि उत्तर सुदोधन धामीको घर सम्म सडक ढलान | वडा नं ७ | ५० लाख |
| ५ | सन्तोष खडकाको घर देखि पुर्व इयाम सम्म जाने सडक ढलान र कलभर्ट सहित | वडा नं २ | ५० लाख |

मिति २०८२।०१।११

| | | | |
|---|---|---|---|
| ६ | विष्णु कार्कीको घर देखि पश्चिम जंगलक छेउ सम्म सडक ढलान | वडा नं २ | ५० लाख |
| ७ | नवज्योति मुसहर वस्ती देखि उत्तरमा डम्वर बहादुर थापाको खेत सम्म दक्षिणमा गुन्ज बहादुर भुजेलको घर सम्म सडक ढलान कार्य | वडा नं २ | ५० लाख |
| ८ | हातिसारको खानेपानी देखि पश्चिम जनकरायको घर देखि उत्तर हुदै कछडिया टोल सम्म सडक ढलान कार्य | वडा नं २ | २ करोड |

ख. आगामी आ.व. २०८२/०८३ को लागी विशेष अनुदान सम्वन्धी कार्यविधि २०८१ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश सरकारसँग माग गर्ने विशेष अनुदान योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | खानेपानी पाइप विस्तार | हरिपुर नगरपालिका | ५० लाख |
| २ | विद्युतिय चुल्हो वितरण कार्यक्रम | हरिपुर नगरपालिका | ५५ लाख |

ग. आगामी आ.व. २०८२/०८३ को लागी मधेश प्रदेश सशर्त अनुदान सम्वन्धी कार्यविधि २०८१ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश सरकारसँग माग गर्ने सशर्त अनुदान योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | डिप बोरिंग तथा विद्युतिय कार्य | वडा नं २ | ३५ लाख |
| २ | डिप बोरिंग तथा विद्युतिय कार्य | वडा नं १ | ३० लाख |
| ३ | डिप बोरिंग तथा विद्युतिय कार्य | वडा नं ५ | ३० लाख |
| ४ | हरैय देखि पिडारी सम्म सडक कालोपत्र निर्माण | वडा नं ४ देखि वडा नं ९ सम्म | २ करोड |
| ५ | नहर देखि इन्द्रपुर सम्म सडक कालोपत्रे निर्माण | वडा नं ८ इन्द्रपुर | १ करोड |

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए

मिति २०८२/०१/१९

अनुसारको रकम आ.व. २०८१।०८२ को तेहौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको पत्र मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | रामजानकी मठ (पुजारी कैलाश साह तेली) | ३ | हरिपुर | पुजा पाठ खर्च | | मिति २०८२।०१।०७ गते च.नं. ९९१ | ६०००।०० |

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका वडा नं १ नखाटोलको मुसहरी टोल जानेबाटो पुल नजिक ढुंगा जाली गर्नुपर्ने भएकोले उक्त कार्य गर्न यस नगरपालिकाको १४ औं नगरसभाको पुँजिगत खर्चको मर्मत सम्भार कोषमा रकम रु १५०००००।०० विनियोजन भएको रकमबाट १५००००।०० विनियोजन गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न विद्यालय हरिहर विद्यालय जानकीनगर८ रामऔतार पाँच कुमारी मावि हजार विघा र जनता प्रावि सखुवा टोलबाट विद्यालयको पठनपाठन गर्न डेक्सवेन्च माग गरिएकोले उक्त कार्य गर्न प्राविधिकको लागत अनुमान अनुसार यस नगरपालिकाको १४ औं नगरसभाको पुँजिगत खर्चको फर्निचर तथा फिक्चर्समा रकम रु १००००००।०० विनियोजन भएको रकमबाट डेक्सवेन्च निर्माण कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाहरुको सडक मर्मत गर्न प्राविधिक लागत अनुमान र वडा कार्यालयको सिफारिस पत्रानुसार उक्त कार्य गर्न यस नगरपालिकाको १४ औं नगरसभाको पुँजिगत खर्चको मर्मत सम्भार कोषमा रकम रु १५०००००।०० विनियोजन भएको रकमबाट सडक मर्मत कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत हरिपुर परफेक्ट पोलिटेक्निकल ईंन्स्टिच्युटलाई ल्याव व्यवस्थापन गर्न श्री जनता माध्यमीक विद्यालय हरैयाको प सं २०८१।०८२ च नं ८८ मिति २०८२।०१।१६ गतेको बिज्ञान प्रयोगशाला व्यवस्थापन सम्वन्धको पत्रानुसार यस नगरपालिकाको १४ औं नगरसभाको पुँजिगत खर्चको हरिपुर परफेक्ट बहुप्राविधिक शिक्षा ल्याव व्यवस्थापन कार्यमा रकम रु १००००००।०० विनियोजन भएको रकमबाट उक्त ल्याव व्यवस्थापन कार्य गर्न श्री जनता माध्यमीक विद्यालय हरैयालाई अख्तियारी दिने निर्णय गरियो ।